(कथा)

# घूस

-उज्ज्वल जी.सी.

देवेन्द्र साहू आफ्नो व्यापारिक कामकाजको सिलसिलामा अफिस पुगेर गमक्क फुल्दै भन्न थाल्यो - " खर्दार साप, मेरो टिप्पणी आज हाकिमसाहेबकहाँ पेश गर्दिनुस् त ! पर्सि त म जर्मन पुग्नुपर्छ । "
उच्च व्यक्तित्वमा आकर्षित हुँदै खर्दारले भन्यो - " हुन्छ हजुर, माथि हाकिमसाहेबज्यूकहाँ बस्दै गरुँ न ! म त्यहीँ ल्याउँछु । "
आफ्नो आदेशलाई शिरोपर गरेको देखेर देवेन्द्र साहू प्रसन्न मुद्रा लिँदै हाकिमको कोठातिर लाग्यो । काम चाँडै गरिदिए चिया खर्च पाइएला कि भन्ने सोचेर खर्दारले टिप्पणी लेख्न के आँटेथ्यो अचानक उसको फोन आयो हस्पिटलबाट 'दाई !भाउजुले छोरा पाउनु भयो । तपाई तुरुन्त आइहाल्नोस् ।' भन्दै । आफ्नो काम सुब्बालाई सुम्पेर ऊ खुसीले अत्तालिँदै हस्पिटलतिर लाग्यो ।
एक घण्टासम्म पनि आफ्नो टिप्पणी माथि नल्याएकोले देवेन्द्र साहू रिसले मुर्मुरिँदै तल ओर्लेर बम्कन थाल्यो - "क्या हो यो चाला ? एउटा जाबो टिप्पणी लेख्न पनि यत्रो ढिलाई ?"
उसले कुरा टुंग्याउन नपाउँदै सुब्बाले जवाफ दियो-" हैन साहूजी , उहाँको हस्पिटलबाट जरुरी फोन आ'थ्यो । अहिले आइहाल्नु हुन्छ । तपाईको काम आज सकिए भैहाल्यो नि !"
देवेन्द्र साहू झन् ठूलो स्वरले कराउन थाल्यो - " मलाई थाहा छ तपाईहरुको नियत । यो त मात्र पैसा खाने बहाना हो बुझ्नु भो ?" भन्दै ।
सुब्बाले विनम्रतापूर्वक फेरि भन्यो-" हैन,हैन साहूजी ! अरु कोही होलान् तर हामीलाई त्यस्तो आरोप लगाउनु भएन । उहाँ आउनु भएपछि तुरुन्तै भैहाल्छ तपाईको काम । बरु एकछिन माथि हाकिमसाहेबज्यूकहाँ नै बसिरहूँ न !"
-" मलाई तपाईको हाकिमकहाँ बसिरहने फुर्सद छैन । ठीक छ , भोलि आउँला । " भन्दै बाहिर निस्केर विशेष प्रहरीमा फोन ग-यो -" हलो ... म देवेन्द्र ...बोलेको । हेर्नुस् न....अफिसमा मेरो एउटा सानो काम गर्न पनि घूस खोज्दैछ एक कर्मचारी । हुन्छ ...हुन्छ हजुर भोलि म आफै त्यहाँ आउँछु । "
सकारात्मक जवाफमा दङ्ग पर्दै फोनको रिसिभर राख्यो उसले ।

भोलि दिनको ११ बजे नै गुप्तचरहरुलाई लिएर देवेन्द्र साहू अफिस पुग्यो । त्यसबेला खर्दारले काम सकेर हाकिमसाहेबकहाँ टिप्पणी पेश गरिसकेको थियो । उसलाई साहूले आज फसाउन खोज्दैछ भन्ने थाहा थिएन । काम छिटो छरितो तरिकाले समयमै गरिदिँदा प्रायशः ग्राहकहरुले खुसी भएर चियाखर्च भन्दै हातमा राखिदिने ५०/६० रुपियाँलाई उसले कहिल्यै घूस ठानेको थिएन । त्यसैले ऊ आज पनि चियाखर्च अवश्य पाइन्छ भन्ने सपनामा मग्न हुँदै बसिरहेको थियो ।
-"क्या हो खर्दारसाप ? हिजो त घण्टौं कुराइदिनु भो नि ! बरु यति चाहिन्छ भनेको भए त भैहाल्थ्यो । त्यस्तो दुःख पनि दिनुहुन्छ ? भन्दै अगाडि उभिन आइपुगेका देवेन्द्र साहूलाई देखेर एकछिन अकमक्क प-यो ।
-" हजूर हिजो टिप्पणी लेख्दा-लेख्दै हस्पिटलबाट फोन आएर अपरझट जानु प-यो । आज सकेर फाइल माथि पेश गरिसकेको छु । बरु माथि नै सम्पर्क राखूँ न ! " भन्दै नम्रता पोख्यो आफ्नो लोभलाई सुरक्षित राख्दै- खर्दारले ।
-" अबदेखि त्यस्तो दुःख कसैलाई पनि नदिनु होला । ल भन्नुस् , चियाखर्च कति दिउँ ?"
-" हजूरको जो इच्छा । "
-" तैपनि....।"
-" हेरेर दिबक्से हुन्छ नि.. ।"
यत्तिकैमा ढोका बाहिर उभिइरहेका गुप्तचरहरुलाई आँखा सन्काउँदै देवेन्द्र साहूले मनिब्यागबाट सयको नोट झिक्दै उसको हातमा दियो ।
-" जय जय होस् हजूर " भन्दै नोटलाई खल्तीमा राख्न के खोजेथ्यो,गुप्तचरहरु आएर उसको हात ट्याप्प समाते । तुरुन्तै सर्जमिन मुचुल्का भयो । पैसा लिएको हैन भनेर कसैले बक्न सकेनन् । आखिर उसलाई समातेर कारवाहीका लागि लगियो ।
आफ्नो षड्यन्त्र सफल भएकोमा देवेन्द्र साहू दङ्ग पर्दै हाकिमको कोठाभित्र छिरेर दुई हात जोड्दै भन्न थाल्यो - " के गर्ने हजूर, यस्ता कर्मचारीहरुले गर्दा अफिसकै बदनाम हुन्छ । अनि हजूर मेरो टिप्पणी के भयो होला ?"
-" अँ... भर्खरै स्वीकृत गरिदिएको छु । बस्नुस् न देवेन्द्रजी । " भन्दै हाकिमले भलाकुसारी गर्न थाले ।
-" हेर्नुस् न आज कस्तो झरी परिरहेको ?"
-"ब्याण्डी लगाउनु पर्छ हजूर !"

-“कुन तलबले खानु यो महँगीमा ब्याण्डी ?”
-“खै, हजूरले हामीलाई सम्झिबक्सन्न त ! हामीलाई पनि यसो सेवा गर्ने अवसर दिबक्से के नै बिग्रन्छ र ?” भन्दै हाकिमको टेबुलबाट फोन ग-यो देवेन्द्र साहूले-‘ को बोलेको ? अँ.... सुन त.....समिरको हातमा पाँच बोतल बेलायती ब्याण्डी र पाँच कार्टुन ५५५ चुरोट .....सापको घर.....मा अहिल्यै पु-याउन पठाइदेऊ त !’
-“ आ... किन दुःख गर्नु भा’को देवेन्द्रजीले । ”
-“हैन हजूर के को दुःख ? यो त मेरो सौभाग्य हो । भोलि जर्मन जाँदैछु । फर्केपछि दर्शन गर्न आउँला । ” भन्दै आफ्नो कागजात बोकेर देवेन्द्र साहू दुई हात जोड्दै कोठाबाट निस्क्यो । अस्तु ।